# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १४ मितिः २०७९/०३/३१


भाग-२

# देवघाट गाउँपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७९

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको सार्वजनिक निजी साझेदारी नीति, २०७९

कार्यपालिकावाट स्विकृत भएको मितिः२०७९/०३/३१

प्रमाणीकरण मितिः २०७९/०३/३१

१. पृष्ठभूमि

१.१. मुलुकमा आर्थिक वृद्धिलाई दिगो रुपमा हासिल गर्न स्थानीय तहमा आवश्यक सार्वजनिक पूर्वाधार/संरचना तथा सेवाहरु (जस्तैः सडक, पुल, खानेपानी, सिँचाई, विद्युत, केबलकार लगायत विभिन्न पूर्वाधारहरु) को विकास अनिवार्य हुन्छ । पूर्वाधार सेवाहरुको निर्माण र सञ्चालनमा आवश्यक पर्ने साधन-स्रोतहरुको तुलनामा गाउँपालिकावाट विनियोजन हुने साधन-स्रोत न्यून हुन्छ । तसर्थ, सार्वजनिक- निजी साझेदारीको मान्यताको आधारमा निजी क्षेत्रमा उपलब्ध साधन-स्रोत, सीप तथा प्रविधिलाई मुलुकको विकास कार्यमा आकर्षित गरी सार्वजनिक उपयोगका सम्पत्ति र सेवाको सञ्चालन कम खर्चिलो, प्रभावकारी र विश्वासनीय बनाउनु वाञ्छनीय भएको छ ।

१.२. सार्वजनिक उपयोगका वस्तु तथा सेवाको उत्पादन/सिर्जना गर्ने, पूर्वाधार तथा सेवाहरुको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध व्यवस्थापकीय सीप, नवीनतम प्रविधि, उपयुक्त मानव संसाधन तथा पूँजीको समुचित प्रयोगलाई सुनिश्चितता प्रदान गर्दै आर्थिक विकासलाई गति प्रदान गर्न र राष्ट्रिय अर्थतन्त्रको सबलीकरणका साथै स्थानीय तहमा सार्वजनिक सेवालाई प्रभावकारी बनाउन यसरी निर्माण भएका पूर्वाधार सेवाहरुको योगदान महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ ।

१.३. गाउँपालिकामा सार्वजनिक पूर्वाधारहरुको निर्माण र सञ्चालनमा जोखिम न्यूनीकरण, व्यवस्थापन तथा सञ्चालनका उपयुक्त तरिका र स्थानीय सरकारको भूमिकालाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै पूर्वाधार तथा सेवाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको संलग्नतालाई यथोचित रुपमा सम्बोधन गरी स्वीकार्य हुने अनुकुल नीतिगत वातावरण तयार गर्न जरुरी भएको छ ।

२. विगतका प्रयासः

२.१. स्थानीय तहमा पूर्वाधार निर्माण तथा विस्तारको बढ्दो आवश्यकतालाई परिपूर्ति गर्नको लागि निजी लगानीकर्ताबाट पूर्वाधार संरचनाको विकास सम्बन्धी पद्धति अन्तर्गत् पूर्वाधार निर्माण गराउन आवश्यक ठानी “सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायका लागि) २०६०”

निर्माण भई कार्यान्वयनमा आएको थियो ।

२.२. वि.सं. २०६३ सालमा “पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३” जारी भई अद्यावधिक कार्यान्वयनमा रहेको छ ।

२.३. नेपालमा हाल “सार्वजनिक-निजी साझेदारी नीति २०७२” तथा “पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३” र सो सम्बन्धी नियमावली २०६४ लागू भई सार्वजनिक-निजीसाझेदारीको क्षेत्रमा स्थानीय तहमा स-साना सहरी पूर्वाधार सम्बन्धी आयोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

२.४. माथि उल्लिखित नीति तथा कानूनी व्यवस्थाको आधारमा स्थानीय तहका विभिन्न तहमा सार्वजनिक-निजी साझेदारीको अवधारणामा आधारित केही आयोजनाहरु सञ्चालन भई कार्यान्वयनमा आएका छन् । स्थानीय सामूदायिक संघसंस्था मार्फत् पनि धेरै आयोजनाहरु सफलता पूर्वक सञ्चालन भएका छन् । यसरी सार्वजनिक-निजी साझे दारी प्रबन्ध अन्तर्गत निजी निकायको रुपमा स्थानीय सामूदायिक संघसंस्था तथा समूह र सहकारीको भूमिका पनि प्रभावकारी देखिएको छ । स्थानीय तहका सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको सफल कार्यान्वयन भएबाट यसको औचित्यता पुष्टि हुँदै गएको छ । यसरी निजी निकाय अन्तर्गत स्थानीय सामूदायिक संघसंस्था तथा समूह र सहकारीको भूमिका पनि प्रभावकारी देखिएको छ ।

३. वर्तमान स्थिति

३.१. नेपालको संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधानमा नै स्थानीय सरकारको अधिकारको व्यवस्था गरी स्थानीय सरकारलाई सवल र जनताका विकासका आकांक्षा र आवश्यकताहरुलाई प्रत्यक्ष रुपमा सम्बोधन गर्ने अत्यन्त प्रभावकारी राज्य संरचनाको रुपमा व्यवस्था गरिएको छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने राज्यको निर्देशक सिद्धान्त रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत स्थानीय तहले सार्वजनिक-निजी साझेदारीका माध्यमबाट पूर्वाधार आयोजनाहरु कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ ।

३.२ “सार्वजनिक-निजी साझेदारी नीति २०७२” मा “सार्वजनिक-निजी साझेदारी नीति (स्थानीय निकायका लागि) २०६०” लाई समेत परि मार्जन गर्ने

व्यवस्था छ । सार्वजनिक-निजी साझेदारी नीति, २०७२ ले स्थानीय तहमा कार्यान्वयन हुने आयोजनाहरुलाई समेत समेटे को भए तापनि संविधानमा उल्लिखित स्थानीय तहको अधिकारको सूची, स्थानीय तहमा कार्यान्वयन हुने आयोजनाहरुको विशिष्टता तथा स्थानीय तहका संरचनागत व्यवस्था समेतलाई ध्यानमा राखी छुट्टै नीतिगत व्यवस्था गर्नु वाञ्छनीय छ ।

४. चुनौती र समस्या

४.१. देवघाट गाउँपालिकाको "समुन्नत देवघाटको आधारः धार्मिक पर्यटन, कृषि र सम्पन्न पूर्वाधार" लक्ष्य हासिल गर्न पूर्वाधार क्षेत्रको विकासमा सार्वजनिक-निजी साझेदारीमा लगानी र व्यवस्थापन बढाउनु प्रमुख चुनौतीको रुपमा रहेको छ ।

४.२. सार्वजनिक-निजी साझेदारी आयोजनाको सञ्चालनमा निजी क्षेत्रले वहन गर्ने लगानी तथा जिम्मेवारीहरु जोखिमका दृष्टिले निश्चित समय भित्र नै सम्पन्न गरिसक्नु पर्ने हुन्छ । निजी क्षेत्रको सहकार्यमा सार्वजनिक क्षेत्रले पनि आयोजनाको स्वरुप निर्धारण, जग्गा अधिग्रहण, समन्वय र स्वीकृति, निजी क्षेत्रलाई दिइने भुक्तानी, वातावरणीय प्रभावको स्वीकृति जस्ता विषयहरु सम्झौतामा उल्लिखित समय नै सम्पन्न गर्नुपर्ने जिम्मेवारीहरु पुरा गर्नु चुनौतीको रुपमा देखिएको छ ।

४.३ सार्वजनिक-निजी साझेदारीको रुपमा आयोजना पहिचान, निर्माण, सञ्चालन तथा हस्तान्तरण जस्ता कार्यहरुमा प्रक्रियागत चुनौती, कानूनी तथा नियमनकारी कार्यमा विज्ञतालाई कायम राख्नु एवम् सार्वजनिक सुशासन कायम राख्नमा दक्ष जनशक्ति तयार पार्नु जस्ता चुनौतीहरु पनि विद्यमान रहेका छन् ।

४.४ देवघाट गाउँपालिकामा पूर्वाधार सेवाहरुको विकास र विस्तारमा सार्वजनिक-निजी साझेदारी सम्बन्धी अवधारणा कार्यान्वयनमा सीमित स्रोत एवम् कमजोर व्यावसायिक क्षमता जस्ता समस्याहरु रहेका छन् ।

४.५ सार्वजनिक-निजी साझेदारीको अवधारणामा संयुक्त प्रयासबाट आयोजनाहरु कार्यान्वयन गर्दा जोखिमको उपयुक्त बाँडफाँड सम्बन्धी नीतिगत व्यवस्था नहुनु, आयोजना छनौटलाई पारदर्शी पार्न नसकिनु, उपयुक्त किसिमले सम्भाव्यता अध्ययन नहुनु, भएका अध्ययनहरुको पनि स्वतन्त्र उपयुक्तको लेखाजोखा गर्ने परिपाटी नहुनु, लगानी मैत्री वातावरण नहुनु र सुरक्षा तथा जग्गा अधिग्रहण सम्बन्धी समस्याहरु रहिरहनु जस्ता समस्याहरु रहेको देखिन्छ ।

५. नयाँ नीतिको आवश्यकता

५.१. देवघाट गाउँपालिकाको सार्वजनिक पूर्वाधार तथा सेवाहरुको निर्माण, स्तरोन्नति, आधुनिकीकरण तथा सञ्चालनमा निजी क्षेत्रमा उपलब्ध स्रोत-साधन, व्यावसायिक कुशलता, उद्यमशीलता, क्षमता, दक्षता एवम् नवीनतम प्रविधिको प्रयोगलाई आर्थिक विकासमा आर्कषण गरी स्तरीय सेवा प्रवाह गर्न,

५.२. पर्याप्त तथा गुणस्तरयुक्त पूर्वाधार तथा सेवाहरु उपलब्ध गराउन देवघाट गाउँपालिकाको एकल लगानी मात्र पर्याप्त नहुने हुँदा निजी क्षेत्रको लगानी आकर्षित गरी सार्वजनिक हितका लागि उपयोग गर्न,

५.३. आगामी दिनमा वर्तमान पूर्वाधार विकासको क्षेत्रमा व्यापक सुधार गरी मुलुकको आर्थिक विकास गर्न, प्रस्तुत पृष्ठभूमीमा देवघाट गाउँपालिकाले पूर्वाधार विकासमा निजी क्षेत्रको संलग्नतालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले देवघाट गाउँपालिकाको कार्यपालिकाले यो "सार्वजनिक-निजी साझेदारी नीति २०७९" तर्जुमा गरेको छ ।

६. दीर्घकालीन सोचः देवघाट गाउँपालिकामा सार्वजनिक पूर्वाधार तथा सेवाहरुको गुणस्तरीय र दिगो विकास गरी त्यस्ता पूर्वाधार तथा सेवाहरुमा सर्वसाधारण नागरिकको पहुँच सुनिश्चित गर्ने ।

७. लक्ष्यः सार्वजनिक-निजी साझेदारीको माध्यमबाट वृहत् सामाजिक तथा आर्थिक विकासको लागि देवघाट गाउँपालिकामा सार्वजनिक पूर्वाधार सेवाहरुको विकास सञ्चालनमा सार्वजनिक-निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

८. उद्देश्यः यस नीतिका उद्देश्य देहाय बमोजिम हुनेछन्ः

८.१. देवघाट गाउँपालिकामा सार्वजनिक पूर्वाधार तथा सेवाहरुका विकास, पुनर्निर्माण तथा सञ्चालनको क्षेत्रमा आवश्यक पूँजी,साधन एवं स्रोतहरु निजी क्षेत्रबाट परिपूर्ति गर्न निजी लगानी आकर्षण हुने वातावरण सिर्जना गर्ने ।

८.२. देवघाट गाउँपालिकाका लागि आवश्यक गुणस्तरयुक्त सार्वजनिक पूर्वाधार सेवाहरु उपलब्ध गराउन निजी क्षेत्रमा रहेको व्यवसायिकता, कार्यकुशलता, उद्यमशीलता एवम् प्राविधिक दक्षताको उपयोग गर्ने ।

९. नीतिहरुः माथि दफा ८ मा उल्लेख भएका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिनेछः

९.१. सार्वजनिक-निजी साझेदारी सम्बन्धी अन्तराष्ट्रिय रुपमा प्रचलित सिद्धान्त तथा मान्यताहरुलाई देवघाट गाउँपालिकाका सम्पूर्ण सम्भाव्य क्षेत्र, संयन्त्र,

अङ्ग तथा निकायहरुमा प्रवर्द्धन गर्ने ।

९.२. देवघाट गाउँपालिकामा पूर्वाधार सेवाहरुको विकास, पुनर्निमाण, व्यवस्थापन तथा सञ्चालनमा आवश्यक पर्ने थप पूँजी, साधन तथा स्रोतहरु निजी (आन्तरिक तथा बाह्य) क्षेत्रबाट लगानी गर्न अनुकुल वातावरणको सिर्जना गर्ने ।

९.३. पूर्वाधार सेवाहरुको विकास, पुनर्निर्माण, स्तरोन्नति, सञ्चालन तथा व्यवस्थापनमा निजी (आन्तरिक तथा बाह्य) क्षेत्रको व्यवसायिकता, उद्यमशीलता, दक्षता एवं नवीनतम प्रविधिलाई मुलुकको सर्वाङ्गीण विकासमा अधिकतम उपयोग गर्ने ।

१०. रणनीतिहरु

क) नीति ९.१. सँग सम्बधित रणनीतिहरु देहाय बमोजिम हुनेछन्ः

१०.१.सार्वजनिक-निजी साझेदारी सम्बन्धी प्रचलित मान्यता तथा अवधारणालाई आवश्यकता र सान्दर्भिकताका आधारमा सम्भाव्य सम्पूर्ण देवघाट गाउँपालिकाका निकायहरुमा स्वीकार/अंगीकार गरिनेछ।

१०.२.देवघाट गाउँपालिकामा सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार कार्यान्वयन गर्न सकिने पूर्वाधार र सेवाहरु पहिचान गरी प्राथमिकता निर्धारण गरिनेछ ।

१०.३.आर्थिक तथा पूर्वाधार विकासका लागि सार्वजनिक-निजी साझेदारीको प्रचलित मान्यता अनुरुप सम्पन्न हुन सक्ने आयो जनाहरुलाई देवघाट गाउँपालिकाका सबै अङ्ग तथा निकायहरुलाई आवश्यकतानुसार कार्यान्वयन गर्न क्रियाशील गराइनेछ ।

ख) नीति ९.२. सँग सम्बन्धित रणनीतिहरु देहाय बमोजिम हुनेछन्ः

१०.४.सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन गरिने आयोजनाहरुको खरिद तथा स्वीकृति प्रक्रियालाई सरल एवं पारदर्शी बनाइनेछ ।

१०.५.लाभ तथा जोखिमलाई सार्वजनिक तथा निजी क्षेत्रबीच न्यायोचित रुपमा बाँडफाँड गरिनेछ ।

१०.६.सार्वजनिक-निजी साझेदारी अवधारणालाई कार्यान्वयन गर्न र निजी क्षेत्रको मनोबल उच्च राख्न स्थानीय सरकारबाट हुने लगानी, सहयोग र प्रतिबद्धता सुनिश्चित गरिनेछ ।

ग) नीति ९.३. सँग सम्बन्धित रणनीतिहरु देहाय बमोजिम हुनेछन्ः

१०.७.सार्वजनिक-निजी साझेदारी अन्तर्गत देवघाट गाउँपालिकामा कार्यान्वयन

गर्न सकिने आयोजनाहरुको पहिचान, प्राथमिकीकरण, सम्भाव्यता अध्ययन र आयोजनाको प्रारुप तयार गर्ने कार्यमा निजी क्षेत्रमा उपलब्ध क्षमता, दक्षता, एवं नवीनतम प्रविधिलाई आवश्यकता अनुसार उपयोग गरिनेछ ।

१०.८. सार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरुको निर्माण र व्यवस्थापनमा निजी क्षेत्रमा उपलब्ध व्यावसायिकता, उद्यमशीलता एवम् प्रभावकारितालाई सदुपयोग गरिनेछ ।

१०.९. सार्वजनिक-निजी साझेदारी सम्बन्धी आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रको जिम्मेवारी सुनिश्चित गरिनेछ ।

११. कार्यनीति

११.१. सार्वजनिक-निजी साझेदारीका अवधारणाको स्पष्टता

(१) सार्वजनिक पूर्वाधार एवम् सेवाहरुको विकासको सन्दर्भमा प्रचलित सार्वजनिक-निजी साझेदारीका देहायका मान्यताहरु अंगीकार गरिनेछः

(क) सार्वजनिक-निजी साझेदारीलाई सार्वजनिक निकाय र निजी निकायबीच निश्चित समयका लागि हुने करारको रुपमा लिइनेछ । यस्तो करारको एक पक्षको रुपमा रहने निजी निकायले आयोजनाको लगानी, निर्माण सञ्चालन, मर्मत सम्भार सबै वा केही पक्षमा आंशिक वा पूर्ण रुपले सिर्जना हुने सम्भावित जोखिम वहन गर्ने साथै त्यस्तो लगानी वापत उचित मुनाफा आर्जन गर्न सक्ने व्यवस्था हुनु पर्नेछ । सार्वजनिक वा निजी सम्पत्तिको निर्माण वा सञ्चालन वा मर्मत सम्भार वा प्रयोगको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सार्वजनिक सेवा प्रदान गर्ने कुरा यस्तो करार को विषयवस्तुको रुपमा रहनेछ । यस नीतिको प्रयोजनका लागि “निजी निकाय” भन्नाले सार्वजनिक-निजी साझेदारी मार्फत् आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, अन्य संगठित संस्था तथास्थानीय सामूदायिक संस्था सम्झनु पर्छ ।

(ख) सार्वजनिक निजी साझेदारी करार अन्तर्गत सार्वजनिक पूर्वाधारको निर्माण तथा सेवा प्रवाहका लागि निजी निकायले एक निश्चित समयसम्म सो पूर्वाधार सेवा प्रवाह गरी सो वापत प्राप्त हुने दस्तुरको निश्चित अंश लिई आफ्नो लगानीको प्रतिफल प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको हुनु पर्नेछ ।

(ग) निजी निकायले निर्माण र सञ्चालन गरेको पूर्वाधार सेवा सम्बन्धी आयोजना सम्झौतामा तोकिएको अवधि पछि सो आयोजना तथा

आयोजनासँग सम्बन्धित जग्गा, भवन, उपकरण, अन्य सम्पत्ति, पूर्वाधार र संरचनाहरु स्थानीय सरकारको स्वामीत्वमा आउने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी आयोजनामा देहायका आधारभूत विशेषताहरुमध्ये अधिकांश विशेषताहरु समिश्रण भएको हुनु पर्नेछः

(क) पूर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकीकरण गर्ने उद्देश्यका लागि निजी निकायको पूर्ण वा आंशिक पूँजी लगानी भएको,

(ख) निजी निकायलाई पूर्वाधार वा सेवाको सञ्चालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा सञ्चालन तथा मर्मत गर्न दिने गरी आयोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पूर्वनिर्धारित मापनयोग्य मानक अनुसार को कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पूर्ण वा आंशिक रुपले आम्दानीको जो खिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) आयोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

११.२ सावजनिक-निजी साझेदारीका स्वरुपहरु सार्वजनिक-निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछः

(क) सञ्चालन पूँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको सञ्चालन तथा व्यवस्थापन करार वा सेवा करार,

(ख) न्यून वा उल्लेखनीय निजी पूँजी आवश्यक पर्ने निर्माण, स्वामीत्वकरण, सञ्चालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लिखित करारका अन्य रुपहरु ।

११.३ सार्वजनिक-निजी साझेदारी अन्तर्गत कार्यान्वयन हुने आयो जनाहरुः

(अ) देवघाट गाउँपालिकाले सार्वजनिक-निजी साझेदारीका आयोजनाको स्वरुप निर्धारण गर्दा देहायका विशेषता भएका आयोजनाहरुलाई मात्र कार्यान्वयनमा ल्याइनेछः

(क) उपभोग गरे वापत लाग्ने शुल्क सम्बन्धी नीति तथा दर स्पष्ट व्यवस्था भएको, प्रत्यक्ष शुल्कको व्यवस्था नहुने करारको हकमा भने कुन विधि र प्रक्रिया अनुसार निजी क्षेत्रले भुक्तानी प्राप्त गर्ने सो व्यवस्था उल्लेख भएको हुनु पर्ने,

(ख) देवघाट गाउँपालिका तथा निजी निकायबीच स्पष्ट जिम्मेवारी तोकिएको,

(ग) जुन निकायले जुन जोखिम वहन गर्न सारभूत रुपमा बढी सक्षम रहन्छ

सोही निकायले त्यस्तो जोखिम वहन गर्ने व्यवस्था भएको,

(घ) सम्झौताको कार्यान्वयनका लागि विस्तृत र पर्याप्त व्यवस्थापन गर्ने प्रावधान उल्लेख भएको,

(ङ) सम्झौता अवधिमा पुराना तथा नयाँ निर्माण वा व्यवस्था गरिएका सम्पत्तिहरुको स्वामीत्वको सम्बन्धमा सम्झौतामा स्पष्ट व्यवस्था भएको,

(च) आयोजनाको समग्र चक्रको प्रत्येक तहमा प्रभावकारी अनुगमनको व्यवस्था उल्लेख भएको,

(छ) कार्यसम्पादन तथा प्रतिफलमा आधारित भुक्तानी, प्रोत्साहन र जरिवानाको व्यवस्था उल्लेख भएको ।

(आ) देहायका आयोजना सार्वजनिक-निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैनः-

(क) आयोजना सम्बन्धी वित्तिय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने ,

(ख) सार्वजनिक सम्पत्ति वा दायित्वको निजीकरण हुने,

(ग) सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने,

(घ) सार्वजनिक कार्यको लागि निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा सम्बन्धी प्रावधानहरु समावेश हुने आयोजना,

(च) देवघाट गाउँपालिकाले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन नगरिने भनी अलग गरेका आयोजनाहरु,

(छ) सार्वजनिक हितका दृष्टिले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने ।

११.४. सार्वजनिक-निजी साझेदारी आयोजना छनौटका आधारहरुः

(अ) देहायका आधारहरुमा सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछः

(क) देवघाट गाउँपालिकाले त्यस्तो आयोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) आयोजनाको कार्यान्वयनका लागि गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) आयोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) देवघाट गाउँपालिका र निजी निकायबीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(आ) सार्वजनिक-निजी साझेदारी बमोजिम कुनै आयोजना कार्यान्वयनका लागि सार्वजनिक-निजी साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः

(क) आयोजनाको उद्देश्य पूरा हुने उपयुक्त स्वरुप भएको,

(ख) आयोजनाको लागि निजी क्षेत्रको साधन श्रोत उपलब्ध भएको ,

(ग) आयोजनाको डिजाइन, लगानी, निर्माण, सञ्चालन तथा मर्मत सम्भारमा निजी क्षेत्रले वहन गर्न सक्ने भूमिका भएको,

(घ) सम्भावित लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(ङ) उपभोक्ता तथा समूदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तीय संस्था तथा लगानीकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था रहेको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) देवघाट गाउँपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) आयोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक-निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशाधनको उपलब्धता भएको ।

११.५ आयोजनाहपको पहिचान र प्राथिमिकीकरण

(अ) आयोजनाको पहिचानः सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्ने व्यवस्था गरिनेछ । त्यसरी विवरण राख्दा सम्भाव्यता अध्ययन भए वा नभएका आयोजनाको छुट्टाछुट्टै विवरण राखिनेछ ।

(आ) प्राथमिकता निर्धारण गर्नेः सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने आयोजनाको प्राथमिकता निर्धारण गाउँ कार्यपालिकावाट गरिनेछ ।

११.६ आयोजनाको उपयुक्तताको लेखाजोखा

क) सम्भाव्यता अध्ययन सम्पन्न भएका देहायका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि सार्वजनिक-निजी साझेदारी लेखाजोखा समितिले आयोजनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्ने व्यवस्था गरिनेछ ।

(क) सडक, पुल, केबल कार, रोपवे जस्ता संरचनाको भौतिक पूर्वाधार निर्माण,

(ख) विद्युत उत्पादन, प्रसारण र वितरण तथा उर्जा विकास आयोजना,

(ग) सहरी तथा ग्रामीण पिउने पानी,
(घ) ढल निकास, फोहोरमैला व्यवस्थापन र सरसफाई,
(ङ) शिक्षा तथा स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण,
(च) पर्यटन पूर्वाधार विकास सम्बन्धी आयोजना,
(छ) कृषि, सिचाई तथा वन पैदावर सम्बन्धी आयोजना,
(ज) सूचना र सञ्चार क्षेत्र,
(झ) सेवा र सुविधाजन्य सहरी पूर्वाधार ।

ख) आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि आयोजना लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सार्वजनिक-निजी साझेदारी समितिमा पठाउनु पर्नेछ । सानिसा समितिले आयो जना कार्यान्वयन निकायको रुपमा कार्य गर्नेछ ।

११.७ आयोजनाको स्वीकृति

(अ) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्ने अधिकारार गाउँ कार्यपालिकामा रहनेछः

(१) १ करोड रुपैयाँ वा सोभन्दा बढी अनुमानित आयोजना लागत भएको,
(२) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवयक भएको,
(३) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

(आ) खण्ड (अ) बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने सानिसा समिति मातहत स्थापना भएको सार्वजनिक-निजी साझेदारी इकाई ("सानिसा इकाई") ले गर्नेछ । सानिसा इकाईले आयोजना कार्यान्वयन इकाईको रुपमा कार्य गर्नेछ ।

(इ) कार्यपालिकाको कार्यक्षेत्रमा पर्ने आयोजनाहरु बाहेक अन्य आयो जना सानिसा समितिले आफैले स्वीकृत गरी अघि बढाउन सक्नेछ ।

(ई) स्वीकृत आयोजनाहरु स्थानीय सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश गरिनेछ ।

११.७ आयोजनाको खरिद प्रक्रिया

(१) सार्वजनिक-निजी साझेदारी अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरुको खरिद प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) योग्यताका लागि दरखास्त माग (Request for Qualification, RFQ) गर्ने । यसरी योग्यताका लागि दरखास्त माग गर्दा कागजतमा उल्लिखित मापदण्डका आधारमा योग्यतामा छनौट भएका दर खास्तवालाहरुको संक्षिप्त सूची सार्वजनिक गर्ने ।

(ख) प्रस्तावको माग (RFP) गर्ने ।

(ग) प्रस्तावको मूल्याङ्कन गरी योग्य प्रस्तावदाताहरुको छनोट गर्ने ।

(घ) प्रस्ताव स्वीकृत गर्ने ।

(ङ) आयोजना सम्झौता गर्ने ।

(२) खरिद प्रक्रियामा अपनाइएको विधि अनुसार योग्यताको चरण (RFP) र प्रस्तावको चरण (RFP) गरी एक वा दुई चरणमा प्रस्ताव माग गर्न सकिनेछ । यस सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछन्ः

(क) १ करोड रुपैयाँ भन्दा कम आयोजनालागत भएका आयोजनाहरुको विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्नसकिनेछ ।

(ख) प्रथम चरणमा उल्लिखित प्राविधिक प्रस्तावहरुको छनौट नगरी दोस्रो चरणको आर्थिक प्रस्ताव खोलिने छैन ।

(ग) पूर्वनिर्धारित मापदण्डको आधारमा प्राविधिक प्रस्तावमा छनौट भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(घ) सारभूतरुपमा प्रभावग्राही भएका प्रस्तावहरुको मात्र प्रक्रिया अगाडि बढाइनेछ ।

११.७(क) खरिद प्रक्रियाको प्रथम चरण योग्यताको लागि दरखास्त माग गर्ने चरण (RFP)

(१) यस चरणमा उल्लिखित व्यवस्था अनुसार इच्छुक आवेदकहरुले योग्यताको लागि दरखास्त पेश गर्न सक्नेछन् । यस्ता दरखास्तहरुमा समग्र प्राविधिक तथा वित्तीय क्षमताहरु प्रस्तुत गरिएको हुनेछ र त्यस्ता दरखास्तहरुको समग्र प्राविधिक तथा वित्तीय क्षमता योग्यता सम्बन्धी कागजातमा उल्लिखित मापदण्डहरुका आधारमा मूल्यांकन गरी योग्यता निर्धारण गरिनेछ ।

(२) यो चरणमा इच्छुक दरखास्तवालाहरुले थप केही प्रष्ट गर्न चाहेमा वा कुनै जानकारी लिन चाहेमा सो गर्न सक्नेछन् । आयोजनाको प्रकृति हेरी दरखास्त दिने समय अगावै सम्बन्धित पक्षहरुसँग छलफल गर्न सकिनेछ ।

(३) सबै दरखास्तहरुलाई पूर्व निर्धारित मापदण्डका आधारमा सानिसा समितिले पारदर्शी ढंगले एक समिति गठन गरी सो समितिबाट मुल्यांकन गर्नेछ र यस्तो कार्यमा वाह्य विशेषज्ञहरुको पनि सहयोग लिन सकिनेछ ।

(४) यस चरणमा छनौट भएका दरखास्तवालाहरुलाई योग्यता निर्धारण गरिएका

दरखास्तवालाहरुको रुपमा नामाकरण गरी उक्त दरखास्तवालाहरुलाई मात्र प्रस्ताव आह्वान गर्ने चरणमा समावेश गरिनेछ ।

११.७ (ग) खरिद प्रक्रियाको द्वितीय चरणः प्रस्ताव माग गर्ने चरण (RFP)

(१) प्रस्ताव आह्वान गर्ने चरणको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) आयोजना सम्झौताका सम्पूर्ण प्रावधानहरु उल्लेख गर्ने ।

(ख) मूल्यांकन प्रक्रिया स्पष्ट उल्लेख गर्ने ।

(ग) सर्तहरु स्पष्ट उल्लेख गर्ने ।

(घ) प्रस्ताव तयार गर्ने र बुझाउने बारे मिति तथा प्रक्रियाहरु स्पष्ट गर्ने ।

(ङ) उपयुक्त प्रस्तावदाता छनौट गर्न प्राविधिक तथा आर्थिक प्रस्तावहरुका पूर्ण विवरण माग गर्ने ।

(२) दफा ११.७ (ख) को चरणबाट योग्य भई छनौट भएका दरखास्तवालाहरुबाट मात्रै प्रस्तावसम्बन्धी कागजातमा उल्लेख गरि एका प्रावधान अनुसार प्रस्ताव आमन्त्रण गरिनेछ ।

(३) प्रस्ताव दुई खण्डमा विभाजन गरिएका हुनेछन् । प्रथम खण्डमा आयोजनालाई आवश्यक पर्ने कार्यान्वयनको अवधारणा, प्रयोग गर्न सकिने नवीनतम प्रविधि र अन्य प्राविधिक विवरणहरु समावेश गर्नुपर्नेछ । द्वितीय खण्डमा आर्थिक प्रस्तावहरु हुनेछन् जसमा बोल/दरभाउ/मूल्य र अन्य माग गरिएका विवरणहरु संलग्न गरिनेछन् । साधारणतया आर्थिक प्रस्तावमा गणना गर्न सकिने कुनै एकल आधार (Single Parameter) को मात्र बोलपत्र/दरभाउ/मूल्य वा परिमाण माग गरिनेछ, जसको आधारमा प्रस्तावदाताको छनैट गर्न सकिनेछ ।

(४) आयोजनाको प्रकृति हेरी कुनै खास आयोजनाहरु गुणात्मक आधार (Qualitative Parameter) हरु पनि राख्न सकिनेछ । तर यसरी राख्दा, यसको मूल्यांकन कसरी र कुन विधिका आधारमा गणना गरिने हो, उल्लेख गरिएको हुनुपर्नेछ ।

(५) आयोजनाको प्रारुप तयार गर्दा यस्ता आधारहरुमा अन्य कुराहरुका अतिरिक्त स्थानीय सरकारको अनुदानको आवश्यकता, वार्षिक भुक्तानी, उपभोक्ताले भुक्तानी गर्ने शुल्क, रोयल्टीको बाँडफाँड, अग्रीम प्राप्त हुने रोयल्टी (Up-front Royalty) बार्षिक रोयल्टी, आयोजना अवधि आदि कुराहरु समावेश गर्न सकिनेछ ।

(६) प्रस्ताव सँगै प्रस्ताव जमानत (Bid Security) र सम्झौता गर्नु अघि कार्यसम्पादन जमानत (Performance Guarantee) दाखिला गनुपर्नेछ ।

तर आयोजनाको वित्तीय समापन भएपश्चात् कार्यसम्पादन जमानत फिर्ता गर्ने व्यवस्था गरिनेछ ।

(७) प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन सम्पन्न भई छानिएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(८) प्रस्ताव आह्वान गर्दा आयोजना सम्झौताको मस्यौदा समेत संलग्न गर्नुपर्नेछ । यस्तो आयोजना सम्झौताको मस्यौदामा सानिसा समितिको र निजी निकायहरुको अधिकार र दायित्व स्पष्ट उल्लेख गर्नुका साथै दफा ११.८ मा उल्लिखित विषयहरु उल्लेख गर्नुपर्नेछ ।

(९) यो चरणमा भाग लिने सबै योग्यता निर्धारण गरिएका प्रस्तावदाताहरुलाई आ-आफ्नो कुरा सोधनी गर्ने वा स्पष्ट पर्ने एक पटकको अवसर प्रदान गर्न प्रस्ताव प्रस्तुत गर्नु अगावै छलफल गर्न सकिनेछ । जटिल प्रकृतिका आयोजनाहरुको लागि एक पटकभन्दा बढी छलफल गर्न सकिनेछ ।

११.७(घ) प्रस्तावको मूल्याङ्कन

(१) प्रस्तावहरुको मूल्याङ्कन गर्ने र उपयुक्त प्रस्तावदाताको छनौट गर्नेः कार्य प्रस्तावमा उल्लिखित मूल्यांकन आधारमा गरिनेछ । यो प्रक्रिया पारदर्शी हुनेछ र यसलाई सानिसा समितिले एक स्वतन्त्र मूल्यांकन समिति गठन गरी उक्त समितिबाट पूर्व निर्धारित मापदण्डका आधारमा मूल्यांकन गरिनेछ ।

(२) सारभूत रुपमा प्रभावग्राही प्रस्तावहरुलाई मात्र मूल्यांकनमा समावेश गरिनेछ ।

(३) प्राविधिक तथा आर्थिक प्रस्तावहरु अलग-अलग समयमा प्रस्तावदाताहरुलाई आमन्त्रण गरी खोलिनेछ ।

११.७ (ङ) नमूना दस्तावेजहरुको प्रयोग

(१) कुनै खास सार्वजनिक-निजी साझेदारी आयोजना वा क्षेत्र वा दुवैलाई उपयोगी हुने नमूना RFP, RFQ वा नमूना आयोजना सम्झौताहरु विभिन्न समयमा तयार गरी जारी गरिनेछ ।

(२) सानिसा समितिले १ करोड रुपैयाँ भन्दा बढी आयोजना लागत भएका सम्पूर्ण सार्वजनिक-निजी साझेदारी आयोजनाहरुमा नमूना दस्तावेजहरु लागू गर्नेछ ।

(३) १ करोड रुपैयाँ भन्दा कम लागत भएका आयोजनाहरुको हकमा यसै नीति र अन्तर्गत बन्ने कार्यविधिका उपयोगी प्रावधानहरुलाई आत्मसात गरी छुट्टै आयोजना सम्झौताहरु प्रयोग हुन सक्नेछन् ।

११.७ (च) प्रस्ताव स्वीकृत गर्ने र आयोजना सम्झौता गर्ने

(१) सम्पूर्ण प्रस्तावहरुको मूल्यांकन पूर्वनिर्धारित मापदण्डका आधार मा सम्पन्न गरी कानूनद्वारा अधिकारप्राप्त अधिकारीबाट उपयुक्त प्रस्तावदाताको प्रस्ताव स्वीकृत गराई सानिसा समितिले स्वीकृत प्रस्तावदातालाई निजले प्रस्तुत गरेको प्रस्ताव स्वीकृत भएको व्यहोराको पत्र जारी गर्नेछ ।

(२) सो पत्रमा आयोजना सम्झौता गर्न उपस्थित हुँदा पूरा गर्नुपर्ने औपचारिकता पेश गर्नुपर्ने कागजातहरुको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) स्वीकृत भएको प्रस्तावदाताले तोकिएको समयभित्र आयोजना सम्झौता गर्न स्वीकार गरेको पत्र लेखी सानिसा समितिमा पेश गर्नुपर्नेछ ।

(४) प्रस्ताव आव्हान गर्दा संलग्न गरिएको मस्यौदा आयोजना सम्झौतालाई अन्तिम रुप दिई प्रस्तावदाता वा निजहरुले स्थापना गरेको कम्पनी सानिसाका अधिकारप्राप्त अधिकारीबीच आयोजना सम्झौता गरिनेछ ।

(५) आयोजना सम्झौता गर्दा प्रस्तावको चरणमा संलग्न गरिएको आयोजना सम्झौताको मस्यौदामा उल्लिखित बुँदाहरुमा कुनै परि वर्तन गरिनेछैन । कुनै कारणवश परिवर्तन गर्नुपरेमा परिवर्तन हुने बुँदाहरुमा प्रस्ताव दर्ता गर्न अगावै सम्पूर्ण प्रस्तावदाताहरुलाई जानकारी गराइएको हुनु पर्नेछ । सम्झौतालाई अन्तिम रुप दिन आवश्यक पर्ने स-साना प्रशासनिक कुराहरु प्रस्ताव मूल्यांकन र उपयुक्त प्रस्तावदाता छनौट गर्ने कार्यलाई कुनै फरक नपर्ने गरी मात्र संशोधन वा परिवर्तन गर्न सकिनेछ ।

११.८ आयोजना सम्झौतामा खुलाउनु पर्ने कुराहरु सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) जोखिमको बाँडफाँड र आयोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादनका मूल्यांकनका वस्तुगत आधार र मापदण्ड ।

(झ) आयोजनाको अनुगमन प्रक्रिया सम्बन्धी विवरण,

(ञ) आयोजना लिजमा दिएको भए सोको विवरण र लिजका शर्तहरु,

(ट) आयोजना सञ्चालन वा हस्तान्तरणका शर्त,

(ठ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ण) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(त) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट मर्का पर्ने पक्षले प्राप्त गर्ने

(थ) क्षतिपूर्ति भराउने, सम्झौता उलल्ंघन गर्ने पक्षले व्यहोर्नु पर्ने दायित्व तथा सम्झौता रद्द हुने अवस्था,

(द) काबू बाहिरको परिस्थिति सम्बन्धी व्यवस्था,

(ध) सूचना आदान प्रदान सम्बन्धी व्यवस्था,

(न) कानूनमा हुने परिवर्तनबाट निजी लगानीकर्तालाई कुनै विशेष संर क्षण दिइने भए सो सम्बन्धी व्यवस्था,

(प) लागू हुने कानून, विवाद समाधानको संयन्त्र, विधि र प्रक्रिया, सम्भाव्यता न्यून परिपूर्ति सम्बन्धी व्यवस्था,

(फ) आयोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारको प्राप्त गर्ने प्रतिफल,

(ब) अन्य आवश्यक कुराहरु ।

११.९ सोझै प्राप्त भएका प्रस्तावहरु

(१) सानिसा समितिले निजी निकायबाट सोझै प्राप्त भएका प्रस्तावलाई देहायको अवस्थामा स्वीकार गर्न सक्नेछः

(क) प्रतिष्पर्धात्मक प्रक्रियाबाट प्रस्तावदाता छनौट हुन नसकेको आयोजना,

(ख) आयोजनालाई कुनै व्यक्तिको स्वामीत्वमा रहेको बौद्धिक सम्पत्ति वा प्रविधि आवश्यक भएकोमा सो आयोजनाको लागि प्रस्ताव गर्ने प्रस्तावदातासँग मात्र त्यस्तो बौद्धिक सम्पत्ति वा प्रविधि रहेको भएमा, वा

(ग) स्थानीय जनसमुदायका स्थानीय आवश्यकताहरुलाई पूर्ति गर्नका लागि स्थानीय सामूदायिक संस्थाबाट प्राप्त भएका प्रस्तावहरु,

(घ) कार्यपालिकाले आयोजना रणनीतिक महत्वको छ भनी स्वीकार गरेमा ।

स्पष्टीकरणः "सोझै प्राप्त भएको प्रस्ताव" भन्नाले सानिसा समितिले आव्हान गरेको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(२) सानिसा समितिले सोझै प्राप्त भएको प्रस्तावलाई पुनरावलोकन गर्दा आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ । तर उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्था भएमा पुनः सम्भाव्यता अध्ययन गराउन आवश्यक हुने छैन ।

(३) सम्भाव्यता अध्ययन प्रतिवेदन अध्ययन गर्दा सो आयोजनाबाट सार्वजनिक हित हुने देखिएमा सानिसा समितिले गाउँपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नेछ ।

(४) कार्यपालिकाले आयोजना अघि बढाउन सैद्धान्तिक सहमति दिएमा उपयुक्तता लेखाजोखा समितिले उक्त आयोजनाको उपयुक्तताको लेखाजोखा गर्नुपर्नेछ ।

(५) उपयुक्तताको लेखाजोखा सम्पन्न गरेपश्चात् सानिसा समितिले ले प्रतिष्पर्धात्मक विधिबाट उक्त आयोजना कार्यान्वयनका लागि प्रस्ताव आव्हान गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रस्तावमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक पनि सहभागी हुन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएका प्रस्तावहरुको मूल्यांकन भएपछि छनौट भएको योग्य प्रस्तावकले कबोल गरेको शर्तहरुसँग सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक मञ्जुर भएमा सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई छनौट गरी आयोजना कार्यान्वयन गरिनेछ ।

(८) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले भाग नलिएमा वा निजले छनौट योग्य प्रस्तावकको प्रस्ताव अनुसार काम गर्न मञ्जुर नगरे मा प्रस्तावकलाई उक्त आयोजना कार्यान्वयन गर्न दिइने छैन ।

(९) सोझै प्रस्ताव गर्ने प्रस्तावकले प्रस्तावमा सहभागी भएको तर छनौट योग्य प्रस्तावक हुन नसकेको र छनौटयोग्य प्रस्तावकले पेश गरेको प्रस्ताव पनि स्वीकार नगरेको अवस्था भए त्यस्तो अवस्थामा छनौटयोग्य प्रस्तावदाताले प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको र कम त्यसरी सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकलाई भुक्तानी गर्नुपर्नेछ ।

(१०) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावकले आयोजना कार्यान्वयन गर्न पाएमा निजले छनौटयोग्य प्रस्तावकलाई प्रस्ताव आव्हानको लिखतमा उल्लेख गरिएको

सम्भाव्यता अध्ययनमा भएको खर्च वापतको रकम भुक्तानी गर्नुपर्नेछ ।

(११) सोझै प्रस्ताव पेश गर्ने प्रस्तावक एक जनाले मात्र प्रस्तावमा सहभागी भएमा प्रस्ताव आव्हानको लिखतमा उल्लिखित शर्तहरुका आधार मा प्रस्तावकको प्रस्ताव स्वीकृत गर्न सकिनेछ ।

(१२) उपदफा (१२) मा उल्लिखित अवस्थामा पनि सोझै प्रस्ताव पे श गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत नभएमा कार्यपालिकाले सम्भाव्यता अध्ययन गर्दा लागेको पूर्वनिर्धारित खर्च भुक्तानी गर्नेछ ।

(१३) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिमको आयोजनाको लागत १ करोड भन्दा बढी नभएमा सानिसा समितिले सोझै वार्ताको माध्यमद्वारा सम्बन्धित स्थानीय सामूदायिक संस्थालाई त्यस्तो आयोजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ ।

११.१० वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्नेः

(१) देहायका अवस्थामा कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछः

(क) कम्तीमा दुई पटक मनसायपत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसायपत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको,

(घ) स्थानीय सामूदायिक संघसंस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको,

(२) कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई सानिसा समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(३) प्राप्त निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा समितिले निवेदकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ । तर गाउँपालिकाको स्वीकृति आवश्यक पर्ने आयोजनाहरु वार्ताद्वारा कार्यान्वयन गर्न गाउँ कार्यपालिकाबाट स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

११.१२ गैरसरकारी वा सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने तोकिएको रकमसम्मको आयोजना लागत भएका साना आयोजना स्थानीय गैरसरकारी संस्था वा सामुदायिक संस्थालाई प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ । तर यसरी आयोजना कार्यान्वयन गर्दा यस नीति तथा नीति अन्तर्गत बन्ने कानूनमा उल्लिखित प्रक्रिया पालना गरिनेछ ।

११.१३ संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँग मिली आयोजना कार्यान्वयन गर्न सक्ने संघ, प्रदेश वा अन्य स्थानीय सरकारसँगको सहकार्य र समझदारीमा सार्वजनिक-निजी साझेदारी आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

११.१४ सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्ति

(१) स्थानीय सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकार वा स्थानीय सरकारले सानिसा समितिलाई उपलब्ध गराउनेछ ।

(२) नेपाल सरकार वा स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारी आयोजनाको लागि जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) आयोजनाको प्रकृति हेरी सो जग्गा बापत भुक्तानी भएको क्षतिपूर्ति रकमको सम्पूर्ण वा आंशिक रकम खरिद सम्बन्धि कागजातमा उलेल्ख भए अनुसार निजी निकायबाट र शोधभर्ना गराउने वा यसरी सरकारी सम्पत्ति प्रयोग गरे बापत निजी निकायबाट रोयल्टी असुल गर्न सकिने छ ।

(४) सार्वजनिक-निजी साझेदारि आयोजनाको लागि जग्गा प्राप्त गर्दा हदबन्दीभन्दा बढी राखेको जग्गा, सरकारबाट प्राप्त गरिने जग्गा घरसहितका जग्गाहरुको पुनस्थार्पना, स्वीकृति नलिई बनाएका घर तथा बाली जफत गर्ने तथा जग्गा प्राप्ति सम्बन्धि अधिकारहरुका सम्बन्धमा जग्गा प्राप्ति सम्बन्धि प्रचलित कानून, यस सम्बन्धि निति तथा विभिन्न समयमा नेपाल सरकारले जारी गरेका आदेशहरुको अवलम्बन गरिनेछ ।

११.१५ जोखिम र लाभको बाँडफाँडको प्रक्रिया

(१) सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जोखिम र लाभको बाँडफाँड तथा व्यवस्थापन गर्न "सार्वजनिक हितको सिद्धान्त" लाई केन्द्रमा राखी जोखिम व्यवस्थापन गर्न सबैभन्दा सक्षम निकायलाई उक्त जोखिमको मुख्य हिस्सा दिइनेछ ।

(२) जोखिम तथा लाभको बाँडफाँडको प्रारुप आयोजनाको सम्भाव्यता अध्ययन र अवसरको विश्लेषण गर्दाको समयमा उल्लिखित विवरणमा आधारित हुनेछ र जोखिम तथा लाभको बाँडफाँडको विषयलाई आयोजना सम्झौता तयार गर्दा विशेष व्यवस्थाको रुपमा राखिनेछ ।

(३) सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जोखिम र लाभको बाँडफाँड

तथा व्यवस्थापन गर्दा प्रचलित सिद्धान्तको सीमाभित्र रही देहाय बमोजिम गरिनेछः

(क) आयोजनासँग सम्बन्धित पूर्वानुमान गर्न सकिने सम्पूर्ण जोखिम सम्बन्धी जानकारी एकैसाथ सङ्कलन गरी त्यस्ता जोखिमहरुको व्यवस्थापन आयोजना सम्झौता गर्दाको बखतमा नै गरिनेछ ।

(ख) आयोजनासँग सम्बद्ध निजी तथा सार्वजनिक दुवै निकायको नियन्त्रण बाहिरका जोखिमहरु माथि उल्लिखित सिद्धान्तको आधारमा सम्झौता अनुसार निक्र्यौल गर्ने व्यवस्था गरिनेछ ।

(ग) आयोजना सम्झौतामा जोखिमको सीमा निर्धारण गर्न सकिनेछ ।

(घ) आयोजना सम्झौतामा पूर्वानुमान गर्न कठिन पर्ने र उच्च परिवर्तनशील सर्तहरुको सम्बन्धमा पुनरावलोकन गर्न प्रक्रियाको व्यवस्था गरिनेछ । यस्तो पुनरावलोकन गर्ने सम्बन्धी व्यवस्था सानिसा समितिबाट जारी हुन् निर्देशिकामा पुनर ावलोकन गर्ने अवधि, आधार, मापक, र त्यसले पार्ने प्रभाव जस्ता व्यहोरा उल्लेख गरिनेछ ।

(ङ) डिजाईन, निर्माण, आयोजना व्यवस्थापन, वातावरणीय नियमहरुको पालना, गुणस्तर, प्राविधिक स्तर र दक्षता सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई दिइनेछ ।

(च) सेवा आयोगको लागत र वित्तिय व्यवस्थापन खर्च, शुल्क असुली तथा मुनाफा सम्बन्धी जोखिम निजी क्षेत्रको निकायलाई मात्र दिइनेछ ।

(छ) अनुमति र स्वीकृति, जग्गा प्राप्ति, अन्तर-सरकारी निकाय बिचको समन्वय र सरकारले दिने योगदानको रकम सम्बन्धी जोखिमको जिम्मेवारी सानिसा समितिको हुनेछ ।

(ज) निजी निकायको आफ्नो खर्च लागे बनाएको वा पुनर्निर्माण गरेको सम्पत्ति आयोजना कार्यान्वयन निकायको स्वामित्वमा रहने भएमा वा सम्झौ ताको अवधि समाप्त भएपछि स्थानीय सरकारलाई हस्तान्तरण गर्नुपर्ने भएमा वा सम्झौता रद्द वा खारेज भएमा सो सम्बन्धि दायित्व आयो जना सम्झौतामा उल्लेख भए अनुसार फरफारक गरिनेछ । तर त्यस्तो जोखिमको भार सम्झौता रद्ध गर्नु परेको कारणमा आधारित हुनेछ ।

(झ) काबू बहिरको परिस्थितिजन्य कारणबाट सिर्जना भएका प्रत्यक्ष वा अप्रक्ष्यक्ष जोखिमहरू वीमाद्वारा व्यवस्थापन गरिनेछ, वीमाद्वारा व्यवस्थित हुन नसकेका विषयहरुको बारेमा आयोजना सम्झौतामा

उल्लेख भए बमोजिम हुनेछ ।

(ञ) आयोजनाको लाभको बाँडफाँड गर्दा सो आयोजनाको सम्झौता अवस्थामा विशेष व्यवस्थाका रुपमा उल्लेख गरिनेछ ।

स्पष्टीकरणः यस सम्बन्धी अन्य विस्तृत व्यवस्था आयोजना सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

११.१६ विवाद समाधान

(अ) छनौट प्रक्रिया वा निर्णय सम्बन्धी विवाादको समाधानः सार्वजनिक निकायबाट सार्वजनिक-निजी साझेदारी प्रबन्ध अन्तर्गत प्रस्तावदाताको छनौट सम्बन्धी कारवाही वा निर्णयको सम्बन्धमा भएको विवादका सम्बन्धमा उजुरी सुन्ने अख्तियार सम्बन्धित सानिसा समितिको प्रमुखलाई हुनेछ । प्रमुखको निर्णयमा चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिनेछ ।

(आ)सम्झौता अन्तर्गतको विवादको समाधानः

(क) आयोजना सम्झौतामा प्रचलित नेपाल कानून लागू हुनेछ ।

(ख) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सानिसा समिति र अनुमतिपत्र प्राप्त व्यक्तिबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद पक्षहरुबीच छलफल गरी आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ ।

(ग) आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएको मा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(घ) मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

(ङ) विशेष प्रकृतिका आयोजनाहरुका हकमा लागू हुने कानून र विवाद समाधान सम्बन्धमा छुट्टै व्यवस्था गर्नुपर्ने देखिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(इ) क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले सम्बद्ध कानून वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब माफिकको रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति वापत बुझाउनु पर्ने व्यवस्था सम्झौतामा गरिनेछ ।

१२. संस्थागत संरचना

१२.१ कार्यपालिकाः

(१) देहायका आयोजनाहरुको लागि सम्भाव्यता अध्ययन अनुसार आयोजनाको खरिद प्रक्रिया सुरु गर्न स्वीकृति दिने तथा नीतिगत समन्वय गर्न अख्तियार कार्यपालिकामा रहन व्यवस्था गरिनेछः

(क) १ करोड रुपैयाँ भन्दा बढी अनुमानित आयोजना लागत भएको,

(ख) सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवयक भएको,

(ग) अन्य स्थानीय सरकार, प्रदेश सरकार वा केन्द्रीय सरकारसँगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु ।

(२) आयोजना कार्यान्वयनका हकमा कार्यपालिकाको कार्यक्षेत्र देहाय बमोजिम हुने छ ।

(क) सार्वजनिक-निजी साझेदारीसँग सम्बन्धित सम्पूर्ण नीतिगत विषयहरुमा मार्गदर्शन गर्ने,

(ख) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने आयोजनाहरुको पहिचान गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारीका लागि लगानीका क्षेत्रहरु पहिचान गर्ने,

(घ) कार्यपालिकाको कार्यक्षेत्र पर्ने आयोजनाहरुको सम्भाव्यता अध्ययन, खरिद सम्बन्धी कागजात तथा मस्यौदा आयोजना सम्झौता लगायत आयोजनालाई खरिद प्रक्रियामा लैजान स्वीकृति प्रदान गर्ने,

(ङ) सार्वजनिक-निजी साझेदारीमा सञ्चालित आयोजनाका कार्यान्वयनमा सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

१२.२ सार्वजनिक-निजी साझेदारी समितिः

(१) आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको एक सार्वजनिक-निजी साझेदारी समिति ("सानिसा समिति")रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) वित्त व्यवस्थापन शाखा प्रमुख - सदस्य

ङ) पूर्वाधार शाखा प्रमुख - सदस्य

च) योजना ईकाइ प्रमुख - सदस्य

छ) सार्वजनिक निजी साझेदारी ईकाइ प्रमुख - सदस्य सचिव

उपर्युक्त बमोजिमको आयोजनाको खरिद प्रक्रियाको स्वीकृति पश्चात् प्रस्तावदाता छनौट गर्ने तथा आयोजना सम्झौता गर्ने कार्य भने सानिसा इकाईले गर्नेछ ।

(२) कार्यपालिकाको कार्यक्षेत्र पर्ने आयोजनाहरु बाहेक अन्य आयोजनाको हकमा त्यस्तो आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्न तथा आयोजना सम्झौताको स्वीकृति दिने अख्तियारी सानिसा समितिमा रहनेछ ।

१२.३ सानिसा इकाईः

(१) आयोजनाको तयारी, विकास, मूल्यांकन, खरिद, प्रस्ताव छनौट, वार्ता, सम्झौतामा हस्ताक्षर, कार्यान्वयन तथा अनुगमनका लागि सानिसा समितिले प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा आवश्यकता अनुसार सम्बद्ध विभागका विभागीय प्रमुख तथा अधिकृतहरु रहने गरी प्रत्येक आयोजनाका लागि सानिसा इकाईको गठन गर्नेछ ।

(२) सानिसा इकाईको मुख्य काम तथा कर्तव्य देहाय बमोजिम हुनेछः

क) कुनै आयोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्नु पर्ने आधार र कारणको मूल्यांकन गर्ने,

ख) आयोजनाको प्रारम्भिक मूल्यांकन गर्ने,

ग) आयोजनको सम्भाव्यता अध्ययन गर्ने, गराउने,

घ) आयोजनाको उपयुक्तताको लेखाजोखाका लागि आयोजना लेखाजोखा समितिमा पेश गर्ने,

ङ) आयोजना कार्यान्वयनका लागि आवश्यक लिखत कागजातहरु तयार गर्ने,

च) प्रस्ताव आव्हान गर्ने, मूल्यांकन गर्ने तथा प्रस्तावदाताको छनौट गर्ने,

छ) छनौट भएको प्रस्तावकसँग वार्ता गर्ने तथा आयोजना सम्झौता गर्ने,

ज) आयोजना सम्झौताको व्यवस्थापन तथा कार्यान्वयन गने

झ) आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१२.४ आयोजना लेखाजोखा समितिः

(१) सानिसा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्न सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्यीय रहेको एक आयोजना लेखाजोखा समिति ("लेखाजोखा समिति") गठन गर्नेछ ।

(२) सम्भाव्यता अध्ययन सम्पन्न भएका आयोजनाको खरिद प्रक्रिया प्रारम्भ गर्नु अघि लेखाजोखा समितिले आयो जनाको खरिद सम्बन्धी कागजात, मस्यौदा आयोजना सम्झौता र सोको सम्भाव्यता अध्ययनको उपयुक्तताको लेखाजोखा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा समितिले आयोजनाको उपयुक्तताको लेखाजोखा गर्दा सार्वजनिक-निजी साझेदारी छनौटका आधारहरुलाई समेत विश्लेषण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम आयोजनाको उपयुक्तताको लेखाजोखा गरेपछि लेखाजोखा समितिले सो सम्बन्धमा आफ्नो धारणा र सुझाव समेत समेटी आफ्नो प्रतिवेदन सानिसा समितिमा पठाउनेछ ।

(५) लेखाजोखा समितिले आफूले उपयुक्तताको लेखाजोखा गरेका सबै आयोजनाहरुको कार्यान्वयन गर्दा स्थानीय सरकार मा पर्न सक्ने आकस्मिक दायित्वको अभिलेख राख्नुपर्नेछ ।

(६) केन्द्रीय स्तरमा निर्माण भएको सार्वजनिक-निजी साझेदारी सम्बन्धी कानूनले आयोजना लागत वा आयोजनको प्रकृतिको आधारमा कुनै खास संयन्त्रबाट आयोजनाको उपयुक्तताको लेखाजोखा गर्ने सम्बन्धमा व्यवस्था गरेको भए त्यस्तो आयोजनाको लेखाजोखा सो कानून बमोजिम गराइनेछ ।

१३. आर्थिक पक्षः

१३.१ बजेट व्यवस्थाः स्थानीय सरकारले सार्वजनिक-निजी साझेदारी आयो जनाको बजेट विनियोजन सम्बन्धमा निर्णय गर्नेछ । यस्तो आयोजनाको लागि छुट्याइएको बजेट स्थानीय तहको बजेट पुस्तिकामा उल्लेख गर्नुपर्नेछ ।

१३.२ क्षमता विकासः आयोजना कार्यान्वयन गर्ने सार्वजनिक तथा निजी निकायहरुका जनशक्तिहरुको क्षमता विकास गर्न विभिन्न कार्यशाला, गोष्ठी, भेला, सम्मेलन तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । त्यस्तो कार्यको संयोजन गर्न आयो जना कार्यान्वयन निकायले आवश्यकता अनुसार पर ामर्शदाताहरु नियुक्त गर्न सक्नेछ ।

१३.३ विज्ञहरुको नियुक्तिः सानिसा समितिले सम्पूर्ण वा आंशिक समय काम गर्ने गरी सार्वजनिक-निजी साझेदारीका आयोजनाको उपयुक्तताको लेखाजोखा, खरिद प्रक्रिया तथा अन्य सम्बन्धित कामको लागि विज्ञहरु नियुक्त गर्न सक्नेछ ।

१३.४ सम्भाव्यता न्यून परिपूर्ति कोषः

(१) स्थानीय सरकारले सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई

अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपूर्ति कोष खडा गर्न सक्नेछ ।

(२) केन्द्रीय स्तरमा जारी भएको सार्वजनिक-निजी साझेदारी नीति, २०७२ वा सो अन्तर्गत निर्माण भएका केन्द्रीय कानून बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोषको सुविधा पाउने अवस्थामा सोही बमोजिम आयोजनालाई अनुदान उपलब्ध गराउन सहयोग गरिनेछ ।

१३.५ पूँजीगत सहभागिताः

(१) उपदफा (२) मा उल्लिखित आधार र कारणबाट औचित्य पुष्टि हुने भएमा विशेष अवस्थामा स्थानीय सरकारले पच्चीस प्रतिशतमा नबढ्ने गरी आयोजनामा शेयर पूँजी लगानी गर्न सक्नेछ ।

(२) देहायका आधारहरु विद्यमान भएमा मात्र स्थानीय सरकारले आयोजनामा शेयर पूँजी लगानी सक्नेछः

(क) आयोजनाको आर्थिक सम्भाव्यता वृद्धि हुने भएमा,

(ख) आयोजनाको निर्माण तथा सञ्चालनमा सानिसा समितिको उपस्थिति बलियो हुने भएमा,

(ग) लगानीकर्तालाई सहज वातावरण सिर्जना हुने भएमा,

(घ) आयोजनाको उचित अनुगमनका लागि शेयर लगानी आवश्यक हुने भएमा ।

१३.६ कर छुट तथा मिनाहाः स्थानीय सरकारले आयोजनाको प्रकृति र विशेषता हेरी संविधान तथा प्रचलित कानूनको अधीनमा रही सार्वजनिक- निजी साझेदारी आयोजनाको लागि कर छुट वा मिनाहा दिन आवश्यक भएमा कर सम्बन्धी ऐनमा  व्यवस्था गरी छुट दिन सक्नेछ ।

१३.७ आर्थिक दायित्व व्यहोर्ने श्रोतहरुः

(१) आवश्यकता अनुसार संस्थागत व्यवस्था मिलाउने, आयोजना छनौट गर्ने, विस्तृत सम्भाव्यता अध्ययन गराउने, आयोजनाको सुपरिक्षण गराउने र सफल निजी क्षेत्र छनौट गर्ने जस्ता प्रशासनिक प्रक्रियाहरुमा लाग्ने खर्च स्थानीय सरकारको स्रो तबाट व्यहोरिनेछ ।

(२) जग्गा खरिद गर्ने कार्यमा लाग्ने खर्च स्थानीय सरकारको स्रोतबाट आवश्यक परेमा सुरुमा व्यहोरिनेछ । तर आयोजनाको प्रकृति हेरी उक्त खर्च रकम निजी क्षेत्रबाट शोधभर्ना गराउने वा रोयल्टी/भाडा/लिज शूल्क असुल गर्ने भन्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

(३) आयोजना कार्यान्वयन गर्दा लाग्ने सम्पूर्ण आर्थिक दायित्व निजी क्षेत्रबाट व्यहोरिनेछ । तर आयोजना कार्यान्वयन इकाइको प्रशासनिक खर्च

सार्वजनिक निकायले व्यहोर्नेछ ।

१३.८ खर्च व्यवस्थापन तथा लेखापरीक्षणः

(१) सार्वजनिक तथा निजी क्षेत्रको खर्च व्यवस्थापन तथा लेखा परीक्षण कानूनद्वारा तोकिएका निकायहरुले गर्नेछन् ।

(२) सार्वजनिक-निजी साझेदारी आयोजनाको कार्यान्वयन तथा सञ्चालन चरणमा भएका आम्दानी तथा खर्चहरुको लेखापरीक्षण प्रतिवेदन निजी निकायले सार्वजनिक निकायलाई वार्षिक रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

१४. कानूनी व्यवस्थाः

(१) यो नीति कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कानूनी व्यवस्था गर्नेछ । सार्वजनिक-निजी साझेदारी आयोजनाको सम्बन्धमा बन्ने ऐन, नियम, निर्देशिका तथा मार्गदर्शनहरु निर्माण गर्दा यो नीतिलाई आधार मानिनेछ ।

(२) आयोजनाको तयारी, सम्भाव्यता अध्ययन, उपयुक्तताको लेखाजोखा, खरिद प्रक्रिया, नमूना दस्तावेज लगायत यस सम्बन्धी विषयमा निर्देशिका तयार गरी जारी गर्नेछ ।

१५. अनुगमन तथा मूल्यांकनः

(१) सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुसार कार्यान्वयन, सञ्चालन तथा हस्तान्तरण गरिने आयोजनाको नियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रक्रियाहरुलाई सरल, स्पष्ट र प्रभावकारी बनाइनेछ । सो सम्बन्धी व्यवस्था आयोजना सम्झौतामा उल्लेख गरिनेछ ।

(२) सार्वजनिक-निजी साझेदारीका आयोजनाको वित्तीय वातावरणको पुनरावलोकन गर्न समय समयमा कार्यदल गठन गरी मूल्याङ्कन गराउन सकिनेछ ।

(३) सम्पूर्ण सार्वजनिक-निजी साझेदारी आयोजनाहरुको जिम्मे वारी आयोजना कार्यान्वयन इकाइ मार्फत् सम्बन्धित सार्वजनिक निकायमा रहनेछ ।

(४) सार्वजनिक-निजी साझेदारीको माध्यमबाट सञ्चालित आयोजनाको कार्यान्वयनबाट मुलुकमा के कस्ता प्रतिफलहरु प्राप्त भए, यस नीतिको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिमा देखिएका समस्याहरुको कसरी समाधान गर्नुपर्ने हो सो समेतको मूल्याङ्कन गरी वार्षिक रुपमा प्रतिवेदन कार्यपालिकामा प्रस्तुत गरिनेछ ।

१६. जोखिमः यो नीति कार्यान्वयन गर्दा मुख्यतः सार्वजनिक क्षेत्रले निम्न प्रकृतिका जोखिमहरुको सामना गर्नुपर्ने हुनसक्छः-

(१) आयोजनाहरुको पर्याप्त तयारी विना नै कार्यान्वयनमा लगिएमा आयोजनाहरु सफल हुन नसक्ने तथा आयोजनाहरुले धेरै विवादहरु सामना गर्नपर्ने

हुनसक्छ ।

(२) आयोजनाहरुको लागि जग्गा अधिग्रहण तथा पुनर्स्थापनाको व्यवस्था जटिल हुन गई आयोजनाहरुको कार्यान्वयनमा ढिलाई हुने तथा निजी क्षेत्रलाई दिनुपर्ने हुनसक्छ ।

(३) आयोजनाहरुको कार्यान्वयनका क्रममा गुणस्तर, लागत, सञ्चालन, हस्तान्तरण तथा अनुमान गर्न नसकिने जोखिम सम्बन्धी विवाद समाधान गर्ने संयन्त्रको पर्याप्त व्यवस्था आयोजना सम्झौतामा कानून सम्मत तरिकाले समावेश नभएमा आयोजनाहरु अधुरा रहने, ठूलो क्षतिपूर्ति व्यहोर्नुपने एवम् हस्तान्तरण नै हुन नसक्ने सम्मको अवस्था आइपर्नसक्छ ।

१७. आयोजना हस्तान्तरणः

(१) आयोजना सम्झौताको अवधि समाप्त भएपछि निजी निकायले आयोजनाको भौतिक संरचना र सम्पत्ति चालु अवस्थामा गाउँपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम हस्तान्तरण गर्ने मितिभन्दा एक वर्ष अगाडि देखि सानिसा समितिको सुपरीवेक्षणमा सम्झौ तामा उल्लेख भए बमोजिम आवश्यक मर्मत संभार गरी हस्तान्तरण गर्नुपर्नेछ र सो प्रयोजनको लागि सानिसा समितिले प्रतिनिधिहरु खटाई पठाउनु पर्नेछ ।

आज्ञाले

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत